लोक सेवा आयोग

कृषि सामग्री कम्पनी लिमिटेड, प्राविधिक, कृषि, सहायक द्वितीय, सहायक (कृषि प्राविधिक) पदको खुला प्रतियोगितात्मक लिखित परीक्षा

२०८३।०६।२०

पत्र : द्वितीय

समय : २ घण्टा ३० मिनेट

पूर्णाङ्क : १००

विषय : संस्थागत ज्ञान र सेवा सम्बन्धी

प्रत्येक **खण्ड**को उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

खण्ड "क" ४० अङ्क

१. बालीचक्र भनेको के हो? नेपालको तराई क्षेत्रमा बालीचक्रको महत्त्व दर्साउनुहोस् । २+३=५

२. बीउ प्रमाणीकरण पद्धतिको व्याख्या गर्दै बीउका पुस्ताहरू उल्लेख गर्नुहोस् । ३+२=५

३. कृषि वस्तुको उत्पादन लागत कसरी निर्धारण गरिन्छ? बुँदागतरूपमा लेख्नुहोस् । ५

४. नेपालमा प्रांगारिक कृषिको वर्तमान अवस्था कस्तो छ? साथै, नेपालमा प्रांगारिक कृषिको विस्तारका आर्थिक, वातावरणीय तथा सामाजिक महत्त्व स्पष्ट गर्नुहोस् । २+३=५

५. जलवायु परिवर्तन र मौसम परिवर्तनमा के फरक छ? नेपालको कृषि क्षेत्रमा जलवायु परिवर्तनले पारेका असरहरू वर्णन गर्नुहोस् । ४+६=१०

६. नेपालमा धानको उत्पादन र उत्पादकत्वको वर्तमान अवस्था चित्रण गर्नुहोस् । धानको उत्पादन बृद्धि गर्न जैविक तथा रसायनिक मलको सन्तुलित प्रयोग, नाइट्रोजनको विभाजित प्रयोग तथा सूक्ष्म पोषक तत्त्व व्यवस्थापनको भूमिका बयान गर्नुहोस् । ४+६=१०

खण्ड "ख" ४० अङ्क

७. बजारमुखी कृषि उत्पादन योजना भनेको के हो? कुनै एक बाली/वस्तुको उदाहरण दिइ संक्षेपमा बजारमुखी कृषि उत्पादन योजना तयार गर्नुहोस् । २+३=५

८. माटोका भौतिक, रसायनिक र जैविक गुणहरू भनेको के हो? यी प्रत्येक गुणले कृषि उत्पादनमा पार्ने प्रभावको उपयुक्त उदाहरणसहित व्याख्या गर्नुहोस् । २+३=५

९. कृषि अर्थशास्त्रको परिचय दिँदै कृषि विकासमा बजारको महत्त्व दर्साउनुहोस् । २+३=५

१०. माटो जाँच सेवाको महत्त्वमाथि प्रकाश पार्दै माटोको नमूना लिने सही तरिका स्पष्ट गर्नुहोस् । २+३=५

११. नेपालका माटोका प्रमुख प्रकार र तिनका विशेषताहरू वर्णन गर्दै नेपालको माटोको उर्वराशक्ति ह्रासका कारणहरू लेख्नुहोस् । ६+४=१०

१२. खाद्य तथा पोषण सुरक्षाका चार आयामहरू के के हुन्? खाद्य तथा पोषण सुरक्षा हासिल गर्न नेपाल सरकारबाट भएका प्रयासहरू संक्षिप्तमा उल्लेख गर्नुहोस् । ६+४=१०

खण्ड "ग" २० अङ्क

१३. कृषि क्षेत्र राष्ट्रिय प्राथमिकताप्राप्त क्षेत्र हुँदाहुँदै पनि नेपालका युवावर्ग कृषिमा आकर्षित हुन नसक्नुका कारणहरू औँल्याउनुहोस् । ५

१४. बीउ बिजन ऐन, २०४५ अनुसार राष्ट्रिय बीउ बिजन समितिका काम, कर्तव्य र अधिकारहरू प्रस्तुत गर्नुहोस् । ५

क्रमशः

१५. प्रांगारिक मल भनेको के हो? साथै, राष्ट्रिय मल नीति, २०५८ ले लिएका उद्देश्यहरू स्पष्ट गर्नुहोस् । २+३=५

१६. भाडा व्यवस्थापन कार्यविधिबमोजिम बोलपत्र आह्वान गर्ने सूचनामा खुलाउनुपर्ने विवरणहरू जानकारी गराउनुहोस् । ५

:: समाप्त ::

CamScanner

लोक सेवा आयोग

कृषि सामग्री कम्पनी लिमिटेड, प्राविधिक, कृषि, सहायक द्वितीय, सहायक (कृषि प्राविधिक) पदको खुला प्रतियोगितात्मक लिखित परीक्षा

२०८३।०६।२०

KEY [B]

पत्र : प्रथम

समय : ४५ मिनेट

पूर्णाङ्क : १००

विषय : संस्थागत ज्ञान र सेवा सम्बन्धी

उत्तरपुस्तिकामा प्रश्नपत्रको **KEY** अनिवार्य रूपले उल्लेख गर्नुपर्नेछ । उल्लेख नगरेमा उत्तरपुस्तिका रद्द हुनेछ । परीक्षामा **calculator, mobile** प्रयोग गर्न पाइनेछैन ।

वस्तुगत बहुउत्तर ५०x२=१०० अङ्क

1. रामपुर हाइब्रिड-१६ को सरदर उत्पादन क्षमता कति मे.टन/हे. छ?
   A) ६.१५ B) ७.१५ C) ८.१५ D) ९.१५
2. तलका मध्ये मध्य र उच्च पहाडको लागि सिफारिस गहुँको जात कुन हो?
   A) डब्लु के १२०४. B) खुमलशक्ति C) बाणगङ्गा D) खुमल विकास
3. मकैबालीको हाइब्रिड बीउ उत्पादन गर्दा फरक रंगको बनावट र दाना भएको जातबाट कति मिटर पृथकतादूरी कायम गर्नुपर्छ?
   A) २०० मिटर B) ३०० मिटर C) ४०० मिटर D) ६०० मिटर
4. बीउ उत्पादनको लागि खेती गरिएको मकैबालीमा मकै भाँच्नको लागि उपयुक्त चिस्यान प्रतिशत कति हो?
   A) १२ B) १३ C) १४ D) १५
5. उन्नत प्रविधिबाट भटमासखेती गर्दा ..... के.जी./हे. बीउदर चाहिन्छ ।
   A) ४०-५० B) ६०-७० C) ८०-९० D) १००
6. एजोटोब्याक्टर तलका मध्ये कुन बालीको लागि सबैभन्दा बढी प्रभावकारी हुन्छ?
   A) तरकारीबाली B) कोसेबाली C) धानबाली D) तेलहनबाली
7. मकैमा धानचमरा (Tassel) र जुँगा (Silk) निस्कने अवधि कति दिनभन्दा बढी हुनु हुँदैन?
   A) ३ B) ४ C) ५ D) ७
8. धान-गहुँ बालीचक्र तलका मध्ये कुन क्षेत्रमा सबैभन्दा बढी प्रचलनमा रहेको छ?
   A) तराई B) पहाडी C) हिमाली D) नेपालको सबै
9. अनुदानको मल वितरण व्यवस्थापन कार्यविधि, २०८२ अनुसार स्थानीय समितिको संयोजक को रहने व्यवस्था छ?
   A) स्थानीय तहको प्रमुख वा अध्यक्ष B) स्थानीय तहको उपप्रमुख वा उपाध्यक्ष
   C) प्रमुख प्रशासकीय अधिकृत D) कृषि शाखाको प्रमुख
10. माटोको उर्वराशक्ति कायम राख्न तलका मध्ये कुन तरिका उपयोगी हुन्छ?
    A) रसायनिक मलको निरन्तर प्रयोग B) प्रांगारिक मलमात्रै प्रयोग
    C) हरियो मलको प्रयोग D) एकीकृत खाद्यतत्त्व व्यवस्थापन
11. तलका मध्ये तथ्यांक प्रशोधनको चरण कुन हो?
    A) तथ्यांक संकलन B) तथ्यांक सम्पादन
    C) तथ्यांक प्रकाशन D) तथ्यांक अनुमान
12. Median भनेको के हो?
    A) सानो संख्याबाट ठूलो संख्या मिलाएर राख्दा बिचमा पर्ने संख्या
    B) सानो संख्याबाट ठूलो संख्या मिलाएर राखी निकालिने योगफल
    C) सानो संख्याबाट ठूलो संख्या मिलाएर राख्दा आउने सबैभन्दा ठूलो संख्या
    D) सानो संख्याबाट ठूलो संख्या मिलाएर राख्दा आउने सबैभन्दा सानो संख्या
13. बजारमा काउलीको माग धेरै छ तर बजारमा उपलब्धता थोरै छ भने काउलीको मूल्यमा के हुन्छ?
    A) मूल्यमा फरक पर्दैन B) सस्तो हुन्छ C) महंगो हुन्छ D) जे पनि हुन सक्छ

क्रमशः

14. कृषि उपजको भण्डारण र ढुवानीले मुख्यतः केमा सहयोग गर्छ?
A) बजार व्यवस्थापन • B) उत्पादन घटाउन C) प्रतिस्पर्धा घटाउन D) आयात बढाउन

15. फार्म गेट मूल्य कहाँ निर्धारण/प्राप्त हुने मूल्य हो?
A) उपभोक्ताको घरमा B) किसानको फार्म वा उत्पादन स्थलमा •
C) बजारको खुद्रा बजारमा D) आयात केन्द्रमा

16. समूह बजार भन्नाले के बुझिन्छ?
A) एकजना किसानले मात्र सञ्चालन गर्ने बजार
B) विदेशी वस्तु बिक्री गर्ने बजार
C) किसान वा उत्पादकहरूको समूहले सामूहिकरूपमा उत्पादन बिक्री गर्ने बजार •
D) केवल खुद्रा पसलहरूको बजार

17. अनुसन्धानको लागि घरदैलोमा गइ संकलन गरेको तथ्यांकलाई के भनिन्छ?
A) प्राथमिक तथ्यांक • B) सहायक तथ्यांक
C) A र B दुबै D) माथिका कुनै पनि होइनन्

18. कृषि उपजको मूल्य निर्धारणको सामान्य क्रम कुन हो?
A) फार्म गेट मूल्य → थोक मूल्य → उपभोक्ता मूल्य → खुद्रा मूल्य
B) फार्म गेट मूल्य → थोक मूल्य → खुद्रा मूल्य → उपभोक्ता मूल्य •
C) फार्म गेट मूल्य → खुद्रा मूल्य → उपभोक्ता मूल्य → थोक मूल्य
D) फार्म गेट मूल्य → उपभोक्ता मूल्य → थोक मूल्य → खुद्रा मूल्य

19. नेपाली कृषि माटोमा औषत प्रांगारिक पदार्थको मात्रा कति प्रतिशत छ?
A) ०.५-१ B) १-२ • C) २-३ D) ३-४

20. माटो जाँच गर्दा माटोको घोलमा रातो लिट्मस कागज (Red Litmus Paper) डुबाउँदा निलो भयो भने माटोको pH कस्तो हुन्छ?
A) अम्लीय • B) निष्क्रिय C) तटस्थ D) क्षारीय

21. बालीनालीको पात बैजनी रंगको हुँदै जानु कुन खाद्यतत्त्व कमी भएको लक्षण हो?
A) फस्फोरस • B) पोटास C) सल्फर D) आइरन

22. आलुको प्रि-बेसिक बीउ (PBS) कुन पुस्ताको बीउ हो?
A) मूल बीउ B) प्रमाणित बीउ C) प्रजनन बीउ • D) उन्नत बीउ

23. तलका मध्ये कुन बालीलाई हरियो मलको रूपमा प्रयोग गर्न मिल्दैन?
A) ढैंचा B) असुरो C) तीतेपाती D) जै घाँस •

24. नेपाली माटोमा सबैभन्दा बढी कुन म्याक्रोन्यूट्रियन्टको कमी हुन्छ?
A) नाइट्रोजन • B) फस्फोरस C) पोटासियम D) क्याल्सियम

25. माटोको नमूना संकलन गर्ने उपयुक्त समय कुन हो?
A) बाली भित्र्याएपछि • B) माटोमा मल लगाएपश्चात
C) जग्गा खनजोत गरेपछि D) जहिले पनि गर्न मिल्छ

26. खाद्य सुरक्षाको प्रचलित चार स्तम्भ भित्र तलका मध्ये कुन पर्दैन?
A) खाद्य उपलब्धता B) खाद्यमा पहुँच C) खाद्यको उपयोगिता D) बीउ बिजनको अनुदान •

27. कुनै पनि बाली/वस्तुको अध्ययनको नतिजा तुलना गर्न तलका मध्ये कुन Parameter को बढी प्रयोग हुन्छ?
A) Average B) Mode C) Frequency D) Standard Deviation

28. डीएपी मलमा कति प्रतिशत नाइट्रोजन हुन्छ?
A) १२ B) १८ • C) २१ D) ४६

29. राष्ट्रिय कृषि नीति, २०६१ अनुसार कति हेक्टरभन्दा कम जमिन भइ न्यून स्रोतसाधन भएका कृषकहरूको पहिचान र वर्गीकरण गरी तोकिएका सुविधाहरू उपलब्ध गराइने व्यवस्था छ?
A) २ B) ४ • C) ६ D) ७

DAP = 18+46.

क्रमशः

30. कस्तो मललाई प्रांगारिक मल भनिन्छ?
A) जीवित वा सुषुप्त सूक्ष्म जीवाणु भएको ठोस वा तरल पदार्थ भएको मल
B) कुनै पनि ठोस वा तरल रसायनिक पदार्थयुक्त मल
C) वनस्पति तथा पशुजन्य कुहिएर बनेको कार्बनयुक्त पदार्थ भएको मल •
D) नाइट्रोजन, फस्फोरस र कार्बन चक्रसँग सम्बन्धित मल

NSB

31. राष्ट्रिय बीउ बिजन समितिको सदस्य-सचिव को रहने व्यवस्था छ?
A) महाप्रबन्धक, कृषि विकास बैंक
B) महानिर्देशक, कृषि विभाग
C) निर्देशक, नेपाल कृषि अनुसन्धान परिषद्
D) प्रमुख, बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र •

32. कृषि सामग्री कम्पनी लिमिटेडमा कार्यरत कर्मचारीले लिन नपाउने सापटी सुविधा तलका मध्ये कुन हो?
A) घरजग्गा खरिद र घर निर्माण तथा मर्मत सापटी ·
B) एक वर्षे तलब सापटी ·
C) अध्ययन खर्च सापटी •
D) विशेष तलब सापटी

33. बीउ बिजन ऐन, २०४५ बमोजिम मुद्दा हेर्ने अधिकारीले गरेको निर्णयमा चित्त नबुझ्ने पक्षले कहाँ पुनरावेदन गर्नसक्ने व्यवस्था छ?
A) सम्बन्धित जिल्ला प्रशासन कार्यालय
B) सम्बन्धित जिल्ला अदालत •
C) सम्बन्धित उच्च अदालत
D) सर्वोच्च अदालत

34. कृषि सामग्री कम्पनी लिमिटेडको प्रबन्धपत्रबमोजिम कम्पनीले गर्ने कारोबार वा व्यवसायको प्रकृति तलका मध्ये कस्तो रहने व्यवस्था छ?
A) उत्पादनमूलक
B) व्यापारमूलक
C) सेवा र उत्पादनमूलक
D) उत्पादन, व्यापार र सेवामूलक •

35. सरूवा वा बढुवा भइ जाने, आउने र काजमा खटिएका कर्मचारीले दैनिक भ्रमणभत्ता बापतको पेश्की कार्यालयमा फर्केको कति दिनभित्र सोको फाँटबारी र नगद बाँकी भए सोसमेत पेश गरी फछ्र्यौट गर्नुपर्ने व्यवस्था रहेको छ?
A) ७ •
B) १५
C) ३०
D) ४५

36. नेपाल सरकारले कृषकलाई अनुदानमा उपलब्ध गराउने मलको वितरण व्यवस्थापन गर्न गठित मल आपूर्ति तथा वितरण व्यवस्थापन समितिको संयोजक देहायका मध्ये को रहने व्यवस्था छ?
A) कृषि, वन तथा पर्यावरण मन्त्री
B) कृषि, वन तथा पर्यावरण मन्त्रालयको सचिव •
C) सहकारीसम्बन्धी विषय हेर्ने मन्त्रालयको सहसचिव
D) कृषि सामग्री कम्पनी लिमिटेडको प्रबन्ध सञ्चालक

37. बिक्रेता व्यवस्था कार्यविधि, २०८२ अनुसार बिक्रेता प्रमाणपत्र बापत कति शुल्क तिर्नुपर्ने व्यवस्था रहेको छ?
A) रू. २,५००•
B) रू. ३,५००
C) रू. ४,५००
D) रू. ५,०००

38. कृषि सामग्री कम्पनी लिमिटेडको भाडा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७९ बमोजिम कम्पनीले आफ्नो स्वामित्वमा रहेको खाली जग्गा जमिन बढीमा कति समयसम्मका लागि भाडामा दिन सक्ने व्यवस्था छ?
A) ३ वर्ष
B) ५ वर्ष
C) ६ वर्ष
D) १० वर्ष •

39. नेपालको संविधानको धारा ४२ मा रहेको सामाजिक न्यायको हकमा तलका मध्ये कुन विषय उल्लेख गरिएको छ?
A) कृषकको आम्दानी बृद्धि
B) बीउ बिजन छनौट र संरक्षणमा किसानको हक •
C) गुणस्तरीय बीउ बिजनको हक
D) कृषि वस्तु निर्यातको विषय

40. सोह्रौं योजनाको अन्त्यसम्ममा नेपालको कुल गार्हस्थ्य उत्पादन (GDP) मा कृषि क्षेत्रको योगदान कति प्रतिशत रहने अनुमान गरिएको छ?
A) २४.६ •
B) २३.९
C) २१.०
D) १८.५

41. कृषिमा यान्त्रिकीकरणको मुख्य उद्देश्य के हो?
A) आम्दानी बृद्धि
B) स्रोतको उपयोगिता
C) मानव श्रमको विकल्प
D) उत्पादन बृद्धि ।

42. कृषिजन्य वस्तुहरूको उचित मूल्य निर्धारण गर्ने वैज्ञानिक आधार के हो?
A) आयातको अवस्था
B) मौज्दात अवस्था
C) ऋण लगानीको अवस्था
D) उत्पादन लागत ।

43. नेपालमा धानखेती लगभग कति क्षेत्रफलमा गर्ने गरिएको छ?
A) १२ लाख ७० हजार हेक्टर
B) १३ लाख ७० हजार हेक्टर
C) १४ लाख ७० हजार हेक्टर
D) १५ लाख ७० हजार हेक्टर

44. जीवाणुमल (Biofertilizer) को मुख्य काम के हो?
A) माटोको pH मा सुधार ल्याउने
B) बिरूवाको प्रकाश संश्लेषण क्रिया (Photosynthesis) मा सहयोग गर्ने
C) माटोमा हुने रसायनिक विषादीको असर कम गर्ने
D) सूक्ष्मजीवको माध्यमबाट बिरूवालाई चाहिने पोषक खाद्यतत्त्व उपलब्ध गराउने ।

45. हालको व्यवस्थाअनुसार चैते धानबालीमा उत्पादनमा आधारित बीमाको लागि बीमांकको कति प्रतिशत बीमा शुल्क लाग्ने व्यवस्था छ?
A) ५ ।
B) ७
C) १०
D) १५

46. जलवायु परिवर्तनको कारणले कृषि क्षेत्रमा पर्ने मुख्य प्रभाव कुन हो?
A) उत्पादन बृद्धि
B) मौसममा अनियमितता ।
C) माटोको उर्वराशक्ति बृद्धि
D) सिँचाइको आवश्यकता घट्नु

47. नेपालको सन्दर्भमा बाली विकासको क्षेत्र (Scope) तलका मध्ये कुनमा बढी छ?
A) आम्दानी बृद्धि
B) खाद्य अधिकार
C) खाद्य सम्प्रभुता
D) खाद्य तथा पोषण सुरक्षा ।

48. बीउ प्रतिस्थापन दर (Seed Replacement Rate) ले तलका मध्ये केलाई बुझाउँछ?
A) उन्नत बालीले ढाकेको क्षेत्रफलको प्रतिशत
B) उन्नत जातले ढाकेको क्षेत्रफलको प्रतिशत
C) उन्नत बीउले ढाकेको क्षेत्रफलको प्रतिशत ।
D) बाली लगाउन आवश्यक बीउदर

49. तलका मध्ये कुन बाली C_3 बाली (C_3-plant) अन्तर्गत पर्दैन?
A) भटमास
B) धान
C) मकै ।
D) गहुँ

50. Sticky Rice तलका मध्ये कुन समूहमा पर्दछ?
A) Japonica ।
B) Indica
C) Javanica
D) हालसम्म अध्ययन भएको छैन

:: समाप्त ::

उत्तरपुस्तिकामा KEY अनिवार्य रूपमा लेख्नुहोला ।

CamScanner